सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
फैसला
०६७-CR-०२९५

मुद्दाः- आय कर (०५९/०६०) ।

ठूला करदाता कार्यालय हरिहर भवन ललितपुर------------------------------------१ पुनरावेदक

विरुद्ध

बारा जिल्ला लिपनीमाल गा.वि.स.वडा नं.७ स्थित अन्नपूर्ण भेजिटेवल प्रोडक्ट्स प्रा.लि.को तर्फबाट अधिकार प्राप्त संचालक गोविन्दलाल संघई---------------------१ प्रत्यर्थी

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय काठमाण्डौ
शुरु फैसला गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री रामकुमार श्रेष्ठ
फैसला मितिः- २०६१।८।२८
पुनरावेदन तहमा फैसला गर्ने न्यायाधिकरणः- राजश्व न्यायाधिकरण काठमाण्डौ
पुनरावेदन तहमा फैसला गर्ने अधिकारीः- माननीय अध्यक्ष श्री केशरी राज पण्डित
लेखा सदस्य श्री भगिराज इङ्नाम
फैसला मितिः- २०६५।१।२९

यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने भै राजश्व न्यायाधिकरण काठमाण्डौको मिति २०६५।१।२९ को फैसला उपर ठूला करदाता कार्यालयको तर्फबाट परेको पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदनमा यस अदालतबाट राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को खण्ड (ख) बमोजिम अनुमती प्रदान भई पुनरावेदनको रुपमा दर्ता भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ ।

१. <u>ठूला करदाता कार्यालयमा दर्ता भएको आय विवरण</u>

आ.व.२०५९।६० को लागि करयोग्य आय रु. २,४१,८३,४२३।३१ उल्लेख भएको भन्ने समेत व्यहोराको अन्नपूर्ण भेजिटेवल प्रोडक्ट प्रा.लि.ले मिति २०६०।९।२९ गते आन्तरिक राजश्व कार्यालय सिमरामा पेश गरेको आय विवरण ।

२. <u>ठूला करदाता कार्यालयबाट जारी भएको म्याद सूचना</u>

त्यस अन्नपूर्ण भेजिटेवल प्रोडक्ट प्रा.लि.बाट आय कर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालय, काठमाण्डौंमा मिति २०६०।९।२९ मा पेश गर्नु भएको आ.व.०५९।६० को आय विवरण कर लेखा परीक्षण गर्न आवश्यक कागजात, फाँटवारी तथा प्रमाणहरु ७ दिनभित्र पेश गर्नु भनी ऐनको दफा ८३ बमोजिम अन्नपूर्ण भेजिटेवल प्रोडक्ट्स प्रा.लि.लाई मिति २०६१।६।७ मा दिएको सूचना ।

३. <u>अन्नपूर्ण भेजेटेवल प्रोडक्ट्स प्रा.लि.ले पेश गरेको फाँटवारी</u>

आ.ब.०५९/६० को आय विवरण कर लेखा परीक्षण गर्नका लागि त्यस कार्यालबाट माग भएका कागजात प्रमाणहरु तथा सो सम्बन्धमा खुलाउनु पर्ने व्यहोरा समेत खुलाई अन्नपूर्ण भेजिटेवल प्रोडक्ट्स प्रा.लि.ले ठूला करदाता कार्यालयमा मिति ०६१।६।१२ मा पेश गरेको फाँटवारी ।

४. <u>ठूला करदाता कार्यालयबाट जारी भएको म्याद सूचना</u>

त्यस अन्नपूर्ण भेजिटेवल प्रोडक्ट प्रा.लि.ले आ.ब.०५९/६० को लागि आय कर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालय, काठमाण्डौंमा मिति २०६०।९।२९ मा दाखिला गरेको आय विवरण अध्ययन छानविन तथा परीक्षण गर्ने सिलसिलामा उपलब्ध भएसम्मका कागजात फाँटवारी तथा प्रमाणहरु अध्ययन छानविन तथा परीक्षण गर्दा आय कर ऐन अनुसार समावेश गर्नु पर्ने आय समावेश नभएको, कट्टी गर्न नपाइने खर्च कट्टी गरेको देखिएकोले ऐनको दफा १०१ बमोजिम जम्मा रु.३,२४,१०,५१८।६८ कर योग्य आय कायम गरी संशोधित कर निर्धारण गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस प्रमाण भए १५ दिन भित्र पेश

गर्न भनी ऐनको दफा १०१(६) बमोजिम ठूला करदाता कार्यालयबाट अन्नपूर्ण भेजिटेवल प्रोडक्स प्रा.लि.लाई मिति ०६१।७।३० मा दिएको सूचना ।

५. <u>अन्नपूर्ण भेजिटेवल प्रोडक्ट्स प्रा.लि.ले पेश गरेको जवाफ</u>

यस उद्योगले आय कर ऐन, २०५८, कम्पनी ऐन, २०५३, मूल्य अभिबृद्धि कर ऐन, २०५२ तथा अन्य प्रचलित नेपाल कानून नियम समेतको पूर्ण रुपले पालना गरी आधुनिक प्रणाली अनुसार लेखासंगको प्रमाणित सहायक लेखौटको आधारमा अर्थात बील भाउचर रसिद अनुसार रितपूर्वकको लेखा राखी स्वीकृत लेखा परीक्षकबाट लेखा परीक्षण गराई लेखा परीक्षणको सिलसिलामा कर प्रयोजनको लागि गरेको कर परीक्षणबाट आय कर ऐन, २०५८ को दफा २१ अनुसार कट्टी गर्नु नपाउने खर्चहरु आय तर्फ समावेश गरी दिइएकोले सो समेत समायोजन गरी आय विवरण पेश गरिएको छ। यस प्रकारको प्रेषित आय विवरणलाई आय कर ऐन, २०५८ को दफा १०१ अनुसार संशोधित कर निर्धारण नगरी प्रेषित आय विवरणलाई नै मान्यता प्रदान गरी सदर गरी पाउँ भन्ने समेत व्यहोराको अन्नपूर्ण भेजिटेवल प्रोडक्ट्स प्रा.लि.ले मिति ०६१।८।१७ मा पेश गरेको जवाफ ।

६. <u>ठूला करदाता कार्यालयबाट भएको निर्णय</u>

अन्नपूर्ण भेजिटेवल प्रोडक्ट्स प्रा.लि.ले आ.ब.०५९/६० को लागि मिति २०६०।९।२९ मा पेश गरेको आय विवरणसाथ संलग्न वासलात तथा नाफा/नोक्सान हिसाव परीक्षणको सिलसिलामा उपलब्ध भएसम्मका कागजात फाँटवारी तथा प्रमाणहरु तहाँको जिकिर आदी समेतलाई अध्ययन छानविन तथा परीक्षण गर्दा आय कर ऐन, २०५८ बमोजिम समावेश गर्नु पर्ने आय समावेश नभएको, कट्टी गर्न नपाइने खर्च दावी भएको देखिएकोले ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्न यस कार्यालयको मिति २०६१।७।३० मा जारी गरिएको सूचनामा उल्लेख भएअनुसार उक्त आ.ब.को लागि रु.३,२४,१०,५१८।६८ कर योग्य आय कायम गरी आय कर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, काठमाडौको मिति ०६१।८।२८ को निर्णय ।

७. <u>ठूला करदाता कार्यालयबाट जारी भएको संसोधित कर निर्धारणको सूचना</u>

अन्नपूर्ण भेजिटेवल प्रोडक्ट्स प्रा.लि.ले आ.ब.०५९/६० को लागि मिति २०६०।९।२९ मा पेश गरेको आय विवरणसाथ संलग्न वासलात तथा नाफा/नोक्सान हिसाव परीक्षणको सिलसिलामा उपलब्ध भएसम्मका कागजात फाँटवारी तथा प्रमाणहरु तहाँको जिकिर आदी समेतलाई अध्ययन छानविन तथा परीक्षण गर्दा आय कर ऐन, २०५८ बमोजिम समावेश गर्नु पर्ने आय समावेश नभएको, कट्टी गर्न नपाइने खर्च दावी भएको देखिएकोले ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्न यस कार्यालयको मिति २०६१।८।२८ मा जारी गरिएको सुचनामा उल्लेख भएअनुसार उक्त आ.ब.को लागि रु.३,२४,१०,५१८।६८ कर योग्य आय कायम गरी आय कर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने निर्णय भएकोले सो बमोजिम कर निर्धारण गरिएको व्यहोरा आय कर ऐन, २०५८ को दफा १०२ बमोजिम मिति ०६१।८।३० मा अन्नपूर्ण भेजिटेवल प्रोडक्ट्स प्रा.लि.लाई दिएको सूचना ।

८. <u>आन्तरिक राजश्व विभागबाट भएको निर्णय</u>

मिति ०६१।८।२८ मा गरेको आ.व.०५९।६० को संशोधित कर निर्धारणमा समावेश गरेको विषयमा चित्त नबुझाई प्रशासकीय पुनरावलोकन गरी पाउँ भनी अन्नपूर्ण भेजिटेवल प्रोडक्ट प्रा.लि.ले निवेदन दिएकोमा ठूला करदाता कार्यालयबाट गरेको कर निर्धारण सम्वन्धी निर्णय मनासिव ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजश्व विभागबाट मिति ०६२।२।२ मा भएको निर्णय ।

९. <u>अन्नपूर्ण भेजेटेवल प्रोडक्ट प्रा.लि.को राजश्व न्यायाधिकरणमा परेको पुनरावेदन पत्र</u>

देहायको रकम मिनाहा नदिई खुद आयमा समावेश गर्ने गरी गरेको विपक्षी ठूलाकरदाता कार्यालय, काठमाडौको मिति ०६१।८।२८ मा भएको संशोधित कर निर्धारण आदेश तथा आन्तरिक राजस्व विभागबाट मिति ०६२।२।२ मा सोही निर्णयलाई मनासिव ठहऱ्याई भएको निर्णय समेत बदर गरी पाउँ भन्ने समेत व्यहोराको अन्नपूर्ण भेजिटेवल प्रोडक्ट प्रा.लि.को राजश्व न्यायाधीकरण, काठमाण्डौमा मिति २०६२।५।२० मा परेको पुनरावेदन पत्र ।

बैंङ्क ब्याज खर्च..रु.८,३१,६२९।६३

फ्रेट एण्ड लोडिङ्ग खर्च.......................................रु.१,२५,९००।–

स्थिर सम्पत्तिको विमा प्रिमियम खर्च........................रु.३,५६,६१४।-

ट्रान्जिट विमा खर्च..रु. ७,६२,५००।-

क्लियरिङ्ग खर्च...रु. ४१,२१,३८०।–

ढुवानी भाडा खर्च ....रु. १,६८,४५८।–

मर्मत खर्च ....रु. ७,०३,८८८।–

अवितरित वोनस खर्च .... रु. ९०९।-

कम व्याज आम्दानी देखाएको खर्च..........................रु. ७३,७८९।२३

१०. <u>राजश्व न्यायाधिकरण काठमाण्डौबाट भएको विपक्षी झिकाउने आदेश</u>

यसमा आवधिक विमा प्रिमियम खर्च अमान्य गरी भएको निर्णय फरक पर्न सक्ने हुँदा अ.वं. २०२ नं. अनुसार सरकारी वकिल, आन्तरिक राजस्व विभागलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने राजश्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६३।९।१२ मा भएको आदेश ।

११. <u>राजश्व न्यायाधिकरण काठमाण्डौबाट भएको फैसला</u>

बैंङ्क ब्याज खर्च रु. ८,३१,६२९।६३ प्रस्तुत आ.व. ०५९।६० को आयसँग सम्बन्धित खर्च भन्ने नदेखिई अघिल्लो वर्ष लिएको बैंङ्क ऋण वापतको ब्याज हो भन्ने देखिएकाले ऐनको दफा १४ ले अघिल्लो आ.व. को ऋणको ब्याज वापतको रकम खर्च कट्टी नदिएको, फ्रेट एण्ड लोडिङ्ग खर्च मध्ये आ.व. ०५८।५९ को खर्च भनी रु.१,२५,९००।– अघिल्लो आय वर्षको कारोवारसँग सम्बन्धित खर्च कट्टी गर्न नदिएको, मर्मत खर्च ७,०३, ८८८।– को सामान्य मर्मत खर्च हो भन्ने देखिनेसम्मको वस्तुनिष्ठ प्रमाण पेश गर्न नसकेको अवस्थामा उक्त खर्च कट्टी गर्न नदिएको, अवितरित बोनस रु.९०९।–कल्याणकारी कोषमा जम्मा भएको भन्ने प्रमाण प्रस्तुत हुन नसकेको अवस्थामा उक्त खर्च कट्टी गर्न नदिएको, अग्रिम कर कट्टी गरेको रकम घटाई रु. ७३,७८९।२३ कम ब्याज देखाएको अवस्थामा उक्त रकम आयमा समावेश गरेको हदसम्म ठूला करदाता कार्यालय, काठमाण्डौको मिति २०६१।८।२८ को निर्णय पर्चा र मिति २०६१।८।३० को संशोधित कर निर्धारणको सूचना समेत मिलेको र स्थिर सम्पत्तिको बीमा प्रिमियम मध्ये रु. ३,५६,६१४।- पछिल्लो

आ.व. ०६०/६१ को लागि भएको अग्रिम खर्च भनी कट्टी गर्न नदिएकोमा पुनरावेदकले स्थिर सम्पत्तिको बीमा गराएको र सो बीमा वापत शुल्क भुक्तानी गरेको देखिएको तथा पछिल्लो वर्ष दोहोरो पर्ने गरी मिन्हा गरेको भन्ने नदेखिएको र बीमा अवधि आय बर्षसँग मिल्ने गरी बीमा गर्नु पर्ने भन्ने कानूनी अनिवार्यता नरहेको अवस्थामा पुनरावेदकले वीमा कम्पनीलाई भुक्तानी गरेको वीमा शुल्क वापतको रकम पछिल्लो वर्षको खर्च भनी आयमा समावेश गरेको, ट्रान्जिट वीमा प्रिमियमको रकम मध्ये रु. ७,६२,५००।- पुनरावेदक खरिदकर्तालाई बिक्री गरेको सामान उत्पादनस्थलदेखि खरिदकर्ताले तोकेको ठाउँसम्मको यात्रा मार्गको सम्बन्धित नोक्सानीको जोखिम वापत गरेको यात्रा मार्ग (ट्रान्जिट) बीमा वापतको रकम पुनरावेदक करदाताले व्यहोरेको अवस्थामा खर्च मिन्हा नदिएको, बिक्री वितरण खर्च मध्ये रु.४१,२१,३८०।-भारतको रक्सौल भन्सारमा सामान क्लियरिङ्ग गर्दाको खर्च पुनरावेदक करदाताले विदेश निर्यात हुने गरी बिक्री गरेको सामानको सिलसिलामा भारतीय भन्सारमा लागेको क्लियरिङ्ग खर्च पुनरावेदकले व्यहोरेको र सो खर्च क्रेताबाट सोध भर्ना समेत नपाएको स्थितिमा उक्त खर्च रकम पुनरावेदकको आय आर्जनसँग असम्बन्धित खर्च भन्न र उक्त खर्च कट्टी गर्न नपाउने भन्ने हदसम्म ठूला करदाता कार्यालय काठमाडौंको मिति ०६१।८।२८ को निर्णय पर्चा र मिति ०६१।८।३० को संशोधित कर निर्धारणको सूचना समेत मिलेको नदेखिँदा सो हदसम्म उक्त निर्णय र कर निर्धारणको सूचना तथा त्यसलाई सदर गर्ने गरेको महानिर्देशकको मिति २०६२।२।२ को निर्णय समेत केही उल्टी हुने ठहर्छ भन्ने राजश्व न्यायाधिकरणको मिति २०६५।१।२९ को फैसला ।

१२. <u>ठूला करदाता कार्यालयको यस अदालतमा परेको पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदन</u>

स्थिर सम्पत्तिको बीमा प्रिमियम खर्च मध्ये रु.३,५६,६१४।– आ.ब. ०६०/६१ को लागि भएको अग्रिम खर्च रहेको र खुद आयको गणना गर्दा जुन आय बर्षको आयको गणना गरिएको हो, त्यही आय बर्षमा भएको आयसँग सम्बन्धित खर्चहरु मात्र सो बर्षको कुल आयबाट कट्टी गर्न पाइने आय कर ऐनको अन्तर्निहित भावना समेत देखिंदा आय कर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च कट्टी नपाउने रु.३,५६,६१४।– आयमा समावेश गर्नु पर्ने, नेपालको लागि र भारतको लागि के कति खर्च भयो भन्ने कुरा बीमा कागजातबाट पुष्टि हुन नसकेको र एक पटकको बीमा गर्दा विमित स्थानको दुरी जतिसुकै भएपनि

प्रिमियम रकम समान रहने बुझिएको हुँदा दावी निर्यात विमा प्रिमियम मध्ये आधा खर्च नेपाल सीमासम्मको र आधा नेपाल सीमा काटेपछिको खर्च मानी नेपाल सीमा काटेपछिको ट्रान्जिट बीमा खर्च रु.७,६२,५००।- आपूर्तिको शर्त बमोजिम आय आर्जन वा व्यवसायसँग सम्बन्धित नदेखिएको हुँदा आय कर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च कट्टी नपाउने रु.७,६२,५००।-आयमा समावेश गर्नु पर्ने, करदाताले र क्रेता बीचको खरिद बिक्री सम्झौता बिक्री विजक र भन्सार प्रज्ञापनपत्रबाट करदाताले यस आ.ब.को सम्पूर्ण भारत निर्यात बिक्री एफ.ओ.वि.वीरगंज भन्सार मूल्यमा बिक्री गरेको देखियो तर करदाताले सामान एफ.ओ.वि.विरगंज भन्सार मूल्यमा बिक्री गरेको हुँदा सो मूल्यले वीरगंज वा नेपाल सीमा काटेपछि हुने खर्चलाई नसमेटेको तथा भारतीय भन्सारमा सामान क्लियरिङ्ग गर्दा लागेको खर्च क्रेताबाट छुट्टै शोधभर्ना आएको नदेखिएको अवस्थामा आफूले व्यहोर्नु नपर्ने व्यहोरी कट्टी लिएको खर्चलाई कारोवार वा आय आर्जनसँग सम्वन्धित खर्च मान्न नमिल्ने भई आय कर ऐन बमोजिम खर्च कट्टी नपाउने रु.३४,७१,०४०।- खुद आय तर्फ समावेश नगरी कट्टी गर्न दिएको राजश्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला त्रुटीपूर्ण हुँदा उक्त फैसला उल्टी गरी साविक कै कर निर्धारण आदेश बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको यस अदालतमा मिति २०६५।१२।२८ मा परेको पुनरावेदनको अनुमती पाउँ भन्ने निवेदन ।

१३. <u>यस अदालतबाट भएको आदेश</u>

यसमा २०६५ सालको LE ०१२७ को निवेदनमा आजै पुनरावेदनको अनुमती दिने गरी आदेश भएको र प्रस्तुत निवेदन पनि उक्त निवेदनमा उल्लिखित आधार कारणबाट अन्तरप्रभावित देखिंदा सोही आधार कारणका आधारमा राजश्व न्यायाधिकरण, काठमाण्डौको मिति २०६५।१।२९ को निर्णय मिलेको नदेखिंदा राजश्व न्यायाधिकरण, काठमाडौंको मिति २०६५।१।२९ को निर्णय मिलेको नदेखिंदा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(ख) बमोजिम पुनरावेदन गर्ने अनुमति प्रदान गरिदिएको छ ।नियमानुसार पेश गर्नु भन्ने यस अदालतबाट मिति २०६७।६।८ मा भएको आदेश ।

१४. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीको तर्फबाट उपस्थित विद्वान उप-न्यायाधिवक्ता श्री ज्ञान प्रसाद भुसालले आय कर ऐन, २०५८ को दफा १३ मा कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा

लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो व्यक्तिद्वारा सोही आ.व. मा भएका खर्च रकम कट्टी गर्न पाउने व्यवस्था गरेकोमा विपक्षीले आगामी वर्षको अग्रिम रुपमा बीमा प्रिमियम बुझाएको खर्चबाट कट्टी गर्न नसक्नेमा रु.३,५६,६१४।–, ट्रान्जिट बीमा रकम रु.७,६२,५००।-, भारतीय भन्सारबाट सामान छुटाउँदा तिरेको क्लीयरिङ्ग खर्च रु रु.३४,७१,०४०।- समेतका रकम करयोग्य आम्दानीबाट कट्टी गर्न पाउने गरी राजश्व न्यायाधिकरण काठमाण्डौबाट भएको फैसला सोहदसम्म नमिलेको हुँदा उल्टी गरी विपक्षीको उक्त खर्च रकम कर योग्य आम्दानीमा गणना गरी आय कर गणना गरिनु पर्दछ भनी तथा विपक्षीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सुरज श्रेष्ठले अन्नपूर्ण हेरिटेज कम्पनी तेल, घीउ उत्पादन गर्ने कम्पनी हो । सामान जहिले लिइयो त्यहीबेला बीमा प्रिमियम बुझाएको, **FOB** बिक्रेता कम्पनी देखि क्रेतासम्म सामान पुर्‍याउँदा बहन गर्नु पर्ने जोखिमलाई कभरेज गर्नका लागि गरिएको पुनरावेदकले पनि नेपालको कस्टम खर्च कट्टि गर्न नपाउने भनी उल्लेख गर्न नसकेको अवस्थामा कर अधिकृतबाट करदातालाई बढी दायित्व बहन गराउने गरी कर निर्धारण भएको हुँदा राजश्व न्यायाधिकरण काठमाण्डौको मिति २०६५।१।२९ को फैसला सदर कायम हुनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

१५. उपर्युक्त तथ्य र बहस जिकिर भएको प्रस्तुत मुद्दामा राजश्व न्यायाधिकरण काठमाण्डौको मिति २०६५।१।२९ को फैसला मिलेको छ, छैन ? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो ।

१६. सो सन्दर्भमा शुरु, रेकर्ड र पुनरावेदन सहितका सक्कल मिसिल कागजातहरु अध्ययन गरी हेर्दा, अन्नपूर्ण भेजिटेवल प्रोडक्ट प्रा.लि.ले आ.व. ०५९/६० को लागि खूदआय रु.२,५२,६५,४५०।८२ उल्लेख गरी आय कर ऐन, २०५८ को दफा ९९ बमोजिम मिति २०५९।९।२९ मा ठूला करदाता कार्यालय, कमलादी, काठमाण्डौमा आय विवरण पेश गरेकोमा ठूला करदाता कार्यालय, कमलादी, काठमाण्डौले कर लेखा परीक्षण गर्न ७ दिनभित्र आवश्यक कागजात, फाँटवारी तथा प्रमाणहरु पेश गर्नु भनी दफा ८३ बमोजिम सूचना दिएको र अन्नपूर्ण भेजिटेवल प्रोडक्ट प्रा.लि.ले मिति २०६१।६।१४ मा ठूला करदाता कार्यालय, कमलादी, काठमाण्डौमा फाँटवारी पेश गरेकोमा सो कार्यालयबाट दफा १०१(६) बमोजिम रु.३,२४,१०,५१८।६८ कर योग्य आय कायम गरी संशोधित कर

निर्धारण गर्नु पर्ने देखिएकाले सो बमोजिम गर्नु नपर्ने प्रमाण भए १५ दिनभित्र पुनः पेश गर्नु भनी ठूला करदाता कार्यालय, कमलादी, काठमाण्डौले सूचना दिएकोमा अन्नपूर्ण भेजिटेवल प्रोडक्ट प्रा.लि.ले पहिलेकै फाँटवारीका आधारमा पूर्व प्रेषित आय कायम गरी पाउँ भनी कारण खुलाई जवाफ दिएको र ठूला करदाता कार्यालय, कमलादी, काठमाण्डौले रु.३,२४,१०,५१८।६८ कर योग्य आय कायम गरी संशोधित कर निर्धारण गर्ने गरी मिति २०६१।८।३० मा निर्णय गरी दफा १०२ बमोजिम सूचना दिए उपर अन्नपूर्ण भेजिटेवल प्रोडक्ट प्रा.लि.को पुनरावलोकनका लागि आन्तरिक राजश्व विभागमा निवेदन परेकोमा विभागबाट ठूला करदाता कार्यालय, कमलादी, काठमाण्डौको निर्णय कायम गर्ने गरी मिति २०६२।२।२ मा गरेको निर्णय उपर अन्नपूर्ण भेजिटेवल प्रोडक्ट प्रा.लि.को राजश्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन परेको र बीमा प्रिमियम खर्च रु.३,५६,६१४।-, ट्रान्जिट बीमा प्रिमियम खर्च रु.७,६२,५००।- र भन्सार क्लीयरिङ खर्च रु.३४,७१,०४०।-रकम खर्चमा कट्टी गर्न नपाउने गरी गरेको हदसम्म ठूला करदाता कार्यालय, कमलादीको मिति २०६१।८।३० को संशोधित निर्णय पर्चा र आन्तरिक राजश्व विभाग काठमाण्डौको मिति २०६२।२।२ को निर्णय केही उल्टी हुने ठहऱ्याई राजश्व न्यायाधिकरण काठमाण्डौबाट मिति २०६५।१।२९ मा भएको फैसलामा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(ख) बमोजिमको अवस्था विद्यमान हुँदा पुनरावेदन गर्न अनुमती पाउँ भनी ठूला करदाता कार्यालय हरिहर भवन, ललितपुरको यस अदालतमा निवेदन परी पुनरावेदन गर्ने अनुमती प्राप्त भई निर्णयार्थ पेश हुन आएको देखियो ।

१७.यसमा आय कर ऐन, २०५८ को दफा १३ मा कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो व्यक्तिद्वारा सोही आ.व. मा भएका खर्च रकम कट्टी गर्न पाउने व्यवस्था गरेकोमा विपक्षीले आगामी वर्षको अग्रिम रुपमा बीमा प्रिमियम बुझाएको खर्चबाट कट्टी गर्न नसक्नेमा बीमा प्रिमियम खर्च रु.३,५६,६१४।-, ट्रान्जिट बीमा प्रिमियम खर्च रु.७,६२,५००।- र भन्सार क्लीयरिङ खर्च रु.३४,७१,०४०।-समेतका रकम करयोग्य आम्दानीबाट कट्टी गर्न पाउने गरी राजश्व न्यायाधिकरण काठमाण्डौबाट भएको फैसला सोहदसम्म नमिलेको हुँदा उल्टी गरी विपक्षीको उक्त खर्च रकम कर योग्य आम्दानीमा गणना गरी आय कर गणना गरी पाउँ भन्ने पुनरावेदन जिकिर रहेको पाइयो ।

१८.आय कर (Income Tax) भन्नाले कुनै पनि व्यक्तिको आयमा लाग्ने प्रत्यक्ष करलाई जनाउँदछ।नेपालमा लाग्ने आय करलाई आय कर ऐन, २०५८ तथा आय कर नियमावली, २०५९ ले निर्दिष्ट गरेको छ । नेपालको आय कर कर प्रणाली अनुसार व्यक्तिको आयमा आय कर लाग्दछ भने कर प्रयोजनको लागी व्यक्ति भन्नाले दुई प्रकारको व्यक्तिलाई बुझाउँदछ। पहिलो प्राकृतिक व्यक्ति र दोश्रो कानूनी व्यक्ति वा निकाय ।आय कर ऐन, २०५८ को दफा २(ढ) अनुसार आय कर भन्नाले आय कर ऐन बमाजिम लाग्ने कर तथा निम्नानुसारको भुक्तानीलाई सम्झनु पर्दछ ।

१. कर बक्यौता रहेको व्यक्तिको सम्पत्तिका सम्बन्धमा दावी र लिलाम बिक्री बापत बिभागले गरेका दफा १०४ को उपदफा (८) को खण्ड (क) मा उल्लिखित खर्चहरु,
२. अग्रिम कर कट्टी गर्ने व्यक्ति वा कर कट्टी हुने व्यक्तिले दफा ९० बमोजिम बुझाउनु पर्ने रकम वा किस्तावन्दीमा दाखिला गर्ने व्यक्तिले दफा ९४ बमोजिम बुझाउनु पर्ने रकम वा अग्रिम कर दाखिला गर्नु पर्ने व्यक्तिले दफा ९५क. बमोजिम बुझाउनु पर्ने रकम वा दफा ९९, १००, १०१ बमोजिम कर निर्धारण भए अनुसार बुझाउनु पर्ने रकम,
३. दफा १०७ को उपदफा (२), दफा १०८ को उपदफा (३) वा (४), दफा १०९ को उपदफा (१) र दफा ११० को उपदफा (१) बमोजिम तेस्रो पक्षको कर दायित्वको सम्बन्धमा विभागलाई बुझाउनु पर्ने रकम,
४. शुल्क तथा ब्याज बापत बुझाउनु पर्ने परिच्छेद–२२ बमोजिमको रकम, र
५. बिभागले आदेश दिए बमोजिम दाखिला गर्नु पर्ने दफा १२९ बमोजिमको जरिवाना रकम ।

आय कर ऐन, २०५८ अनुसार आय करका लागी आयका शिर्षकहरु देहाय बमोजिम रहेका छन् ।

१. व्यावसायबाट हुने आय
२. रोजगारीबाट हुने आय
३. लगानीबाट हुने आय
४. आकस्मिक आय

१९.आय कर ऐन, २०५८ को परिच्छेद-५ मा कट्टी हुने रकमहरु मध्ये दफा १३ मा सामान्य कट्टी, दफा १४ मा व्याज कट्टी, दफा १५ मा व्यापार मौज्दातको लागतको खर्च कट्टी, दफा १६ मा मर्मत तथा सुधार खर्च, दफा १७ मा प्रदुषण नियन्त्रण खर्च, दफा १८ मा अनुसन्धान तथा विकास खर्च, दफा १९ मा ह्रासकट्टी खर्च र दफा २० मा व्यवसाय वा लगानीबाट नोक्सानी शिर्षकहरु उल्लेख भएका छन् भने दफा २१ मा कट्टी गर्न नपाउने

खर्च अन्तर्गत घरेलु वा व्यक्तिगत प्रकृतिको खर्च, यस ऐन बमोजिम बुझाउनु पर्ने कर र कुनै देशको सरकार तथा सोको कुनै पनि स्थानीय निकायलाई कुनै कानून वा सो कानून अन्तर्गत बनेको कुनै नियम, विनियमको उल्लंघन गरे वापत बुझाइएको जरिवाना र यस्तै अन्य शुल्क, छुट हुने रकमहरु प्राप्त गर्न कुनै व्यक्तिबाट खर्च गरिएको हदसम्मका वा अन्तिम रुपमा कर कट्टी गरिएका रकमहरु प्राप्त गर्न गरिएका खर्चहरु, कुनै आय वर्षमा बीस लाख रुपैयाँ भन्दा बढीको बार्षिक कारोबार गर्ने व्यक्तिले नेपाल सरकार, संवैधानिक निकाय, नेपाल सरकारको स्वामित्व भएको संस्थान वा बैंक वा वित्तीय संस्थालाई गरिएको भुक्तानी, प्राथमिक कृषि पैदावार उत्पादन गर्ने कृषक वा उत्पादकलाई भुक्तानी गर्दा र त्यस्तो पैदावारको प्राथमिक प्रशोधन भइसकेको भए पनि कृषक आफैले प्रशोधन गरी भुक्तानी पाएको भए सो रकम, अवकाश योगदान वा अवकाश भुक्तानी वापतको भुक्तानी, बैंकिङ्ग सेवाहरु उपलब्ध नभएको स्थानमा गरिएको भुक्तानी, बैंकिङ्ग सेवा बन्द भएको दिनमा गरिएको भुक्तानी वा नगदमा नै गर्नु पर्ने कुनै अपरिहार्य बाध्यता भएको भुक्तानी वा भुक्तानी पाउने व्यक्तिको बैंक खातामा जम्मा गरिएको रकम, कुनै निकायबाट गरिएको मुनाफाको वितरण वा यस्तै अन्य कुनै रकमहरु उल्लेख गरिएको छ ।दफा १३ मा सामान्य कट्टी अन्तर्गत कुनै व्यक्तिले कुनै आय बर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधिनमा रही कारोबारसँग सम्बन्धित देहायका खर्चहरु कट्टी गर्न पाउनेछ भन्ने व्यवस्था गरेको छ ।

(क) सो आय बर्षमा भएका,

(ख) सो व्यक्तिबाट भएका, र

(ग) व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका ।

त्यसै गरी दफा १४ मा व्याज कट्टी अन्तर्गत कुनै व्यक्तिले कुनै आय बर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनका लागि सो व्यक्तिको कुनै रकम ऋण लिए बापत सो ऋण दायित्व सिर्जना भएकोमा सो रकम सोही बर्ष प्रयोग गरिएको वा सो बर्षमा प्रयोग गरिएका कुनै सम्पत्ति खरिद गर्न प्रयोग गरिएको वा अन्य कुनै अवस्थामा सो ऋण दायित्व सिर्जना हुन गएको ऋण दायित्व अन्तर्गत सो बर्षमा लागेको सबै ब्याज कट्टी गर्न पाउनेछ भन्ने कानूनी व्यवस्था रहेको छ ।

२०. प्रस्तुत पुनरावेदनपत्रमा आगामी वर्षको अग्रिम रुपमा बीमा प्रिमियम बुझाएको खर्चबाट कट्टी गर्न नसक्नेमा बीमा प्रिमियम खर्च रु.३,५६,६१४।-, ट्रान्जिट बीमा प्रिमियम खर्च रु.७,६२,५००।- र भन्सार क्लीयरिङ खर्च रु.३४,७१,०४०।- समेतका रकम करयोग्य आम्दानीबाट कट्टी गर्न पाउने गरी राजश्व न्यायाधिकरण काठमाण्डौबाट भएको फैसला सोहदसम्म नमिलेको हुँदा उल्टी गरी विपक्षीको उक्त खर्च रकम कट्टी नगरी कर योग्य

आम्दानीमा गणना गरी आय कर गणना गरी पाउँ भन्ने पुनरावेदन जिकिर रहेको सन्दर्भमा हेर्दा, आय कर व्यक्ति वा निकायको कुल आम्दानीबाट निजले सो कारोबार गर्दा भएको कानूनले खर्च गर्न अनुमती दिएको सीमाभित्र रही गरेको यथार्थ र वास्तविक खर्च रकम घटाएपछि प्राप्त हुने खुद आम्दानीबाट राज्यलाई गरिने अनिवार्य योगदान हो । आय करको उद्देश्य आम्दानी गर्ने व्यक्ति वा निकाय वा व्यवसायीलाई धरासायी गराउने नभई निजले गरेको वास्तविक आम्दानीबाट निश्चित हिस्सा करको रुपमा राज्यले लिने हो । व्यक्ति वा निकाय वा व्यवसायीले एक आर्थिक बर्षमा कारोबारमा गरेको वास्तविक खर्च रकम घटाउन नदिने र त्यसमा पनि कर लगाउने हो भने व्यक्ति वा निकाय वा व्यवसायीको कारोबार सहज रुपमा संचालन हुन नसक्ने र विचलन समेत आउन सक्ने हुन्छ ।बीमा प्रिमियमको रकम व्यक्तिले अघिल्लो आर्थिक बर्षमा तिर्न बुझाउन नपाएको वा नभ्याएको अवस्थामा अर्को आर्थिक बर्षमा पनि बुझाउनु पर्ने हुन्छ भने कहिले काहीं कारोबारलाई सुरक्षित र भरपर्दो तुल्याउन तथा क्रेतालाई विश्वास दिलाउनका लागि अर्को आर्थिक बर्षको पनि अग्रिम रुपमा भुक्तानी गर्नु पर्ने हुन्छ ।खरिद कर्ताले खरिद गर्ने सामानको सुरक्षा चाहेको अवस्थामा क्रेताले अग्रिम रुपमा सामानको बीमा गराउनु पर्ने हुन सक्छ ।यसरी प्रत्यर्थी कम्पनीले बीमा कम्पनीलाई अग्रिम रुपमा बुझाएको बीमा प्रिमियमको बीलबाट देखिएको अवस्थामा भएको वास्तविक खर्चलाई खर्च रकममा गणना नगर्दा व्यवसाय संचालनमा नै असर पर्न जाने देखिन्छ । यसरी प्रत्यर्थी कम्पनीले बीमा कम्पनीलाई अग्रिम रुपमा बुझाएको बीमा प्रिमियमको बीलबाट देखिएको अवस्थामा भएको वास्तविक खर्चलाई खर्च रकममा गणना नगर्दा व्यवसाय संचालनमा नै असर पर्न जाने देखिन्छ । रितपूर्वक गरिएको बीमा प्रिमियम भुक्तानी वास्तविक खर्च नै हुने तथा त्यस्तो खर्च अर्को आ.व. मा खर्चमा गणना माग गरी दोहोरो पर्ने गरी कट्टी गरेको अवस्था समेत नदेखिएको हुँदा त्यस्तो बीमा प्रिमियम बुझाएको वास्तविक खर्चको रकम खर्चमा कट्टी गर्न नपाउने भन्नु कानून र न्यायसंगत हुने देखिंदैन । त्यसै गरी मालसामान ढुवानी गर्दाका अवस्थामा हुन सक्ने नोक्सानीको जोखिमलाई कम गर्न मालसामान बिक्री हुँदाका समयमा मालसामानको ट्रान्जिट बीमा गराउनु पर्ने हुन्छ, त्यस्तो ट्रान्जिट बीमाको प्रिमियम खर्च पनि मालसामान ढुवानी गर्दा हुन सक्ने क्षति वापत गरिने बीमा वापतको प्रिमियम वास्तविक खर्चका रुपमा भुक्तानी गरिने हुँदा त्यस्तो ट्रान्जिट बीमा प्रिमियम खर्च पनि आय गणनामा खर्चमा कट्टी गर्न पाउने नै देखिन्छ।अतः सोहदसम्म राजश्व न्यायाधिकरण काठमाण्डौबाट भएको फैसला मिलेकै देखिंदा उल्लेखित खर्च रकम कट्टी नगरी आय कर गणनामा समावेश गरिनु पर्दछ भन्ने पुनरावेदन जिकिर सोहदसम्म पुग्न सक्ने देखिएन ।

२१. भन्सार क्लीयरिङ खर्चका सन्दर्भमा हेर्दा, केता र बिकेता एकै देशका नभै एक देशको बिकेता र एक देशको केता भई दुई देशका बिकेता र केता बीच कारोबार भएको अवस्थामा केता र बिकेता मध्ये कस्को दायित्व कति रहने भन्ने सन्दर्भमा **FOB- (Free on Board)** सम्बन्धी अन्तर्राष्टिय अभ्यास र प्रचलन समेतलाई हेर्नु पर्ने हुन्छ । भन्सार क्लीयरिङ खर्च **FOB- (Free on Board)** मा बिकेताले बिक्री गरेको सामान जहाजमा वा रेलमा वा ट्रक लगायतका ढुवानीका साधनमा **Upload** गरी निश्चित बिन्दु पार गर्दासम्म व्यहोर्नु पर्ने दायित्वसँग सम्बन्धित छ। सो बिन्दु पार गरी सकेपछिको सम्पूर्ण खर्च र जोखिम केता आफैले व्यहोर्नु पर्दछ ।**FOB-** "Free on Board" means that the seller delivers when the goods pass the ship's rail at the named port of shipment. This means that the buyer has to bear all costs and risks of loss of or damage to the goods from that point. The FOB term requires the seller to clear the goods for export. This term can be used only for sea or inland waterway transport. If the parties do not intend to deliver the goods across the ship's rail, the FCA term should be used.(International Chamber of commerce-2011-11-02, Retrieved.)

FOB- (Free on Board) मा कारोबारको कममा मालसामान **Damaged or destroyed** भएमा केता र बिकेता मध्ये कस्को दायित्व हुने भन्ने कुरा करारमा आधारित हुन्छ। JUDITH EVANS, Law of International Trade, Third edition Old Bailey Press 200 Greyhound Road,London W14 9RY P.69 मा The term FOB represent 'Free on board' and is normally followed by the name of port of departure.As discussed above, this is first and foremost a price term, though it often relates to the delivery obligations of the parties.

The fob contract has many variants. However, the basic concepts as to delivery,property and risk are common to them all. the variations appear in the other incidents of the relationship between the parties, which are not subject to rigid rules,but depend upon the intentions of the parties as determined by the express terms of the contract and the surrounding circumstances. भनी परिभाषित गरेको पाइन्छ ।

ढुवानीको समयमा कस्ले के कस्तो दायित्व निर्वाह गर्ने भन्ने सम्बन्धमा हेर्दा बिक्रेताको दायित्व क्रेताले उल्लेख गरेको ठाउँको जहाजमा सामान राख्नु हुन्छ भने क्रेताको दायित्व ढुवानीको समयमा बिक्रेताले सामान अपलोड गर्न सक्ने गरी ठाउँको छनौट गर्नु हुन्छ, जुन करारमा आधारित हुन्छ । यसको कुनै कठोर कानून, नियम नभएर पक्षहरुको आपसी सहमती र करारमा उल्लेख भएका शब्दको आधारमा हुन्छ । ढुवानीको समयमा बिक्रेताले क्रेतालाई सामान ढुवानी गर्न नसकेमा क्रेतालाई करार भंग गर्न वा सामान ढिलो गरी लिने गरी सहमति गर्न पाउने अधिकार रहन्छ । ढुवानीको क्रममा अपलोड गर्दा सामान नासिए बिग्रिएमा त्यसको जोखिम बिक्रेताले बेहोर्नु पर्छ भने त्यसपछिको दायित्व क्रेताले बेहोर्नु पर्ने हुन्छ । पक्षहरुको इच्छा तिनीहरु बीच भएको करारमा उल्लेखित शब्दावली र परिस्थितिमा भर पर्दछ । सामान्यतया केताले आफ्नो मुलुकको भन्सार

Clearing गर्ने लगायत अन्य महशुल समेत तिर्ने दायित्व बहन गर्नु पर्ने अन्तर्राष्ट्रिय प्रचलन रहेको पाइन्छ ।बिक्रेताले बिक्रेताको देशमा लाग्ने महसुल मात्र बुझाउनु पर्ने दायित्व रहेको हुन्छ ।

२२. अन्तर्राष्ट्रिय व्यापारमा प्रचलित अभ्यासलाई हेर्दा FOB मूल्य भन्नाले बिक्री स्थानबाट बिक्रेताले क्रेतालाई सो मूल्यमा सामान उपलब्ध गराउने प्रतिबद्धता जनाई निश्चित ढुवानीको साधनमा सामान लोड गरी आफ्नो मुलुकको भन्सार बिन्दु पार गर्दासम्मको ढुवानी खर्च, जोखिम, कर, शुल्क लगायतका सम्पूर्ण दायित्व बिक्रेतामा रहने भन्ने बुझिन्छ। जुन स्थान पार गरी सकेपछि बिक्रेता सो दायित्वबाट स्वतन्त्र भै त्यसपछिको सम्पूर्ण दायित्व क्रेतामा जान्छ । FOB मा उल्लेखित स्थानबाट चलान भएपछि लाग्ने ढुवानी, कर, शुल्क वा अन्य कुनै पनि खर्च वा जोखिम बिक्रेताले व्यहोर्नु नपर्ने अन्तर्राष्ट्रिय अभ्यास र सिद्धान्त रहेको छ।FOB को बिन्दु कहाँ रहने भन्ने कुरा करारमा आधारित हुन्छ ।प्रत्यर्थी अन्नपूर्ण भेजिटेवल प्रोडक्ट प्रा.लि. ले आ.व. २०५९/६० मा भारतीय कम्पनीसँग कारोबार गर्दा FOB वीरगञ्ज भनी उल्लेख भएको, वीरगञ्जको कारखाना मूल्यमा बिक्रेताले खरिद कर्तालाई मालसामान बिक्री गरेको र रु.३४,७१,०४०।-भारतको रक्सौल भन्सारमा सामान क्लीयरिङ्ग गर्दाको खर्च रहेको राजश्व न्यायाधिकरणको मिसिल संलग्न INDIAN CUSTOM EXP.बाट देखिन्छ। सो खर्चलाई FOB वीरगञ्जले नसमेट्ने हुँदा ती खर्च गर्ने दायित्व बिक्रेता प्रत्यर्थी अन्नपूर्ण भेजिटेवल प्रोडक्ट प्रा.लि.को नभै क्रेताको हुने देखिन्छ। यस अवस्थामा भारतको रक्सौल भन्सारमा सामान क्लीयरिङ्ग गर्दाको खर्च रु.३४,७१,०४०।- प्रत्यर्थी अन्नपूर्ण भेजिटेवल प्रोडक्ट प्रा.लि.ले FOB वीरगञ्ज उल्लेख भएकोमा निजले आफ्नो दायित्व भन्दा बाहिर गई खर्च गरेको देखिएकाले त्यस्तो खर्चलाई आय कर ऐन, २०५८ को दफा १३ अन्तर्गतको खर्चमा गणना गरी कट्टा गर्न मिल्ने देखिएन ।

२३.तसर्थ माथि विवेचित आधार प्रमाण र कारणका आधारमा प्रत्यर्थी अन्नपूर्ण भेजिटेवल प्रोडक्ट प्रा.लि. ले आ.व. २०५९/६० मा बीमा प्रिमियम खर्च रु.३,५६,६१४।- र ट्रान्जिट बीमा प्रिमियम खर्च रु.७,६२,५००।- आय कर ऐन, २०५८ अन्तर्गत खर्च गर्न पाउने अन्तर्गत कै खर्च रकम देखिएकाले सो खर्च रकमलाई आय कर गणनामा कट्टी गर्न पाउने गरी राजश्व न्यायाधिकरण काठमाण्डौबाट मिति २०६५।१।२९ मा भएको फैसला सोहदसम्म मिलेको देखिंदा सदर हुने र अन्नपूर्ण भेजिटेबल प्रा.लि.ले भारतीय व्यापारी फर्मसँग कारोबार गर्दा FOB वीरगञ्ज भनी उल्लेख भएको अवस्थामा भारतीय भन्सारमा गरेको भन्सार क्लीयरिङ खर्च रु.३४,७१,०४०।- आय कर ऐन, २०५८ अन्तर्गत खर्च गर्न पाउने अन्तर्गतको रकम नदेखिएकाले सो खर्च रकमलाई आय कर गणनामा कट्टी गर्न पाउने गरी राजश्व न्यायाधिकरण काठमाण्डौबाट मिति २०६५।१।२९ मा भएको फैसला

सोहदसम्म मिलेको नदेखिएकाले सोहदसम्म केही उल्टी भै उक्त रकम रु.३४,७१,०४०।—प्रत्यर्थी अन्नपूर्ण भेजिटेबल प्रा.लि. को खुद आयमा समावेश गरी कर निर्धारण गरी लिनु पर्ने ठहर्छ । सोही अनुसार गरी आय कर गणना गर्नु भनी ठूला करदाता कार्यालय, कमलादी काठमाण्डौमा लेखी पठाउनु ।फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु र प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

(हरिकृष्ण कार्की)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(विश्वम्भरप्रसाद श्रेष्ठ)
न्यायाधीश

उपरजिष्ट्रारः- शिवलाल पाण्डेय
कम्प्युटर अपरेटरः- सिजन रेग्मी

इति संवत् २०७४ साल कार्तिक महिना ८ गते रोज ४ शुभम् -------------------